त्रिवेणी गाउँपालिका
# ९ नं. वडा कार्यालय
चौतारा,रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल

ईमेल : trivenigpward9@gmail.com
वडा अध्यक्ष : ९८२९५०६५६८
वडा सचिव : ९८२२९८००८१

प.सं.:२०८१/०८२
मिति :- २०८१/०४/२०

च.नं.४२

विषय :- सिफारिस सम्बन्धमा ।

श्री जो जस सगं सम्वन्ध राख्दछ ।

उपरोक्त सम्बन्धमा रुकुम(पश्चिम) त्रिवेणी गाउँपालिका वडा नं ९ निवासी श्री वलविर खत्रीको नाति श्री जित बहादुर खत्रीको छोरा ना.प्र.नं.५६-०१-७३-००२३१ को श्री मान बहादुर खत्रीले मिति २०८१।०४।२० गतेका दिन यस वडा कार्यालयमा सिफारिस गरिपाउँ भनी दिएको निवेदानुसार निज ब्यक्तिले मिति २०७४साल देखि २०७८ सालसम्म यस वडामा रहि पशुपंशीको उपचार सेवमा संलग्न रहि कार्य गरेको ब्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ ।

हरि बहादुर खड्का
वडा अध्यक्ष

"व्यवसायीक र सिर्जनशील प्रशासन:विकास समृद्धि र सुशासन

सम्पर्क नं.: ०७९-५२०२२३
Email: vethosgulmi@gmail.com
Website: www.gulmi.vethos.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

गुल्मी

प.सं. ०७८/०७९
च.नं. १५२

मिति: २०७८-१२-२५

**विषयः सेवा करारमा नियुक्ति दिईएको बारे।**

श्री मान बहादुर खत्री,
त्रिवेणी गा. पा. ९, रुकुम पश्चिम।

लुम्विनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, मुकामः बुटवल अन्तर्गतको नेपाल कृषि सेवा (समुहकृत नहुने) नायव पशु सेवा प्राविधिक सहायकस्तर चौथो पदमा करार सेवाबाट पदपुर्ति गर्न गठित छनौट समितिले मिति २०७८।१२।२२ मा गरेको सिफारिस वमोजिम तपाईलाई नेपाल कृषि सेवा (समुहकृत नहुने) नायव पशु सेवा प्राविधिक सहायकस्तर चौथो पदमा करार सम्झौता र तपसिलमा उल्लेखित शर्त पालना गर्ने गरी यस केन्द्रको २०७८।१२।२२ को निर्णय अनुसार मिति २०७८।१२।२५ देखी लागु हुने गरी २०७९ असार मसान्त सम्म करार सेवामा नियुक्ति गरिएको छ।

नियुक्ति हुनु भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै उच्च आदर्शले उत्प्रेरित भई काम काज गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु।

.............................
नि. कार्यालय प्रमुख
डा. भरत कापले
पशुचिकित्सक (सातौं)

**तपाईको सेवा शर्त र सुविधा निम्नानुसार हुनेछः-**

१. कार्यालयको प्रमुखले खटाएको कार्यालय वा स्थानीय तह वा स्थानमा रही कार्य गर्नु पर्नेछ।

२. नेपाल सरकारको नायव पशु सेवा प्राविधिक सहायकस्तर चौथो तहको कर्मचारीले प्राप्त गरे वमोजिमको तलव सुविधा उपलब्ध गराईनेछ।

३. सार्वजनिक विदा वाहेक प्रत्येक महिनाको १ (एक) दिनको दरले वर्ष भरीमा १२ (बाह्र) दिनको क्या. विदा उपलब्ध गराईनेछ। कार्यालय प्रमुखबाट स्वीकृत गराई विदा लिनु पर्नेछ । सो विदा अर्को वर्ष सञ्चित गर्न र सो वापत पारिश्रमिक तथा अन्य सुविधा पाउनुहुने छैन।

४. देहायको अवस्थामा करार सम्झौता रद्ध गर्न सकिनेछ।

क. तोकिएको कार्य अवधि पूरा नगरेमा,

ख. मन्त्रालय/ कार्यालयले खटाएको क्षेत्रमा वा तोकिएको स्थानमा उपस्थित भई कामकाज नगरेमा,

ग. सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,

घ. मन्त्रालयको सम्वन्धित महाशाखा प्रमुखबाट कारण सहित अवकास दिन सिफारिस गरेमा,

ङ. निजामति सेवा ऐन र नियमावली विपरित हुने कामकारवाही वा कसुर गरेमा,

च. कार्यक्रमले निरन्तरता नपाएमा।

५. सासाहिक रुपमा आफुले सम्पन्न गरेको कार्यको प्रगति विवरण यस केन्द्र/ पशु सेवा शाखा र स्थानीय तहमा बुझाउनु पर्नेछ।

६. तोकिए वमोजिमको कार्य विवरण र करार सम्झौतामा उल्लेखित सेवा शर्त अनुसार कार्य गर्नु पर्नेछ ।

**बोधार्थ**

श्री कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्विनी प्रदेश, मुकामः बुटवल।

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, लुम्विनी प्रदेश, मुकामः बुटवल।

CamScanner